"समुन्नत विहादी, सम्मानित विहादीवासी"

विहादी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वहाकीठाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :- ०८३/०८४
चलानी नं. :-

मिति :-२०८३/०६/१५
ने.सं.११४६ ञँलागा ५

विहादी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वहाकीठाँटी, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

सुचना नं: ३९

रेविज रोग विरुद्धको नि:शुल्क खोप सम्बन्धि सुचना ।

रेविज रोग कुकुर तथा विरालो लगायत अन्य जंगली जनावरको टोकाइबाट मान्छेमा सर्ने एक प्राणघातक विषाणुजन्य रोग हो । कुनै पशु वा मान्छेमा रेविज रोगको लक्षण देखापरिसकेपछि खोपले पनि काम नगर्ने र मुत्यु अवश्य पनि हुने गर्दछ। तर यो रोग विरुद्धको खोप समयमै लगाए १००% बचाउन/बच्न सकिने भएको हुँदा यस विहादी गाउँपालिका क्षेत्रभित्र रहेका घरपालुवा तथा सामुदायिक कुकुर तथा विरालोहरूमा रेबिज रोगको संक्रमण रोकथाम तथा नियन्त्रण गर्ने उद्देश्यले गाउँपालिकाको आयोजनामा **नि:शुल्क रेबिज रोग विरुद्धको खोप कार्यक्रम** सञ्चालन गर्न लागिएको हुँदा सम्पूर्ण कुकुर तथा बिरालो पालक महानुभावहरूमा आफ्ना **कुकुर तथा विरालोहरूलाई** असोज महिना सम्ममा यस विहादी गाउँपालिकाको कार्यालयमा ल्याई नि:शुल्क रूपमा खोप लगाउनु हुन अनुरोध गरिन्छ।

थमन बहादुर रेश्मी
प्रमुख प्रशासकीय अधिकृत

खोप लगाउन मिल्ने कुकुर/विरालोको समयावधि:

- जन्मेको ९० औं दिन वा सो अवधि कटेको
- पहिला खोप लगाएको भए १ वर्ष भएको

खोप लगाउने स्थान: विहादी गाउँपालिकाको कार्यालय (कार्यालय समयमा)

Website:-www.bihadimun.gov.np, Email:- info@bihadimun.gov.np, bihadi.ruralmun@gmail.com